स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

फागुन १८ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्मले अभिनेत्री मलिका महतको क्यारेक्टर पोस्टर सार्वजनिक गरेको छ । अभिनेताद्वय सौगात मल्ल र नाजिर हुसेनको गेटअपपछि निर्माताले सोमबार अभिनेत्रीको पोस्टर ल्याएका हुन् । निर्माताले टिजर रिलिजको ३ दिन अगाडि अभिनेत्री महतको लुक्स सार्वजनिक गरेका हुन् । फिल्ममा मलिका 'चाँदनी'को भूमिकामा देखिदैछिन् । यद्यपी, उनको भूमिकाबारे खुलाइएको छैन ।

आजको विचार...

लक्ष्मण गिरी

देश...
(दुई पेजमा)

सन्तानलाई स्वागतको तयारीमा रहेका रेखा थापा दम्पतीले अमेरिकामा 'बेबी सावर' गरेका छन् । कोलोराडो स्प्रिङ्समा अभिनेत्री थापा र श्रीमान् बलराम शाही ठकुरीले 'बेबी सावर'को आयोजना गरे । रेखाले सामाजिक सञ्जालमार्फत 'बेबी सावर'को तस्वीर र भिडियो सेयर गरेकी छन् । रेखाले 'बेबी बम्प'सहितको फोटोसुट पनि गराएकी छन् । उनले आगामी सन्तानलाई भगवानको उपहार भएको बताएकी छन् । सन्तानको उपहार त भइहाल्यो, फागुन २५ मा रेखाले निर्माण र अभिनय गरेको फिल्म 'उपहार' पनि प्रदर्शन तयारीमा छ ।

❒ वर्ष २९ ❒ अंक १७६ ❒ २०८० माघ १० गते बुधबार 24 January 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सक्षिप्त समाचार

गाजा हमलामा २१ इजरायली सैनिकको मृत्यु

(रासस/सिन्ह्वा)

जेरुसेलम, माघ ९/इजरायली सेनाले मंगलबार मध्ये गाजामा भएको आक्रमणमा २१ जना सैनिक मारिएको घोषणा गर्दै उक्त घटना एक सय नौ दिनको युद्धमा सेनाका लागि सबैभन्दा घातक घटना भएको जनाएको छ ।

एक पत्रकार सम्मेलनमा इजरायली रक्षा बलका प्रवक्ता डेनियल हागारीले सैनिकहरूले दुई भवनहरू ध्वस्त पार्न विस्फोटक तयारी गरिरहेको बताएका छन् । आतङ्ककारीहरूले सोमबार नजिकैको ट्याङ्कमा रकेट-प्रोपेल्ड ग्रेनेड प्रहार गरे पछि समय अगावै विस्फोट निम्त्यायो जसको परिणामस्वरूप भवनहरू ढले सैनिकहरू भित्र तथा नजिकै थिए । सेनाले एक विज्ञप्तिमा दुर्घटनामा पर्नेहरु २२-३७ वर्ष उमेरका रिजर्भ सैनिकहरू भएको बताएको छ । यो घटना अक्टोबर सातमा गाजामा हमास विरुद्धको युद्ध सुरु भएपछिको इजरायली सेनामाथि भएको सबैभन्दा घातक एकल आक्रमण हो ।

ओझेलमा परेको बालकन्या भगवतीको अवलोकन

कृष्ण पोखरेल

पाल्पा, माघ ९/वेवास्ता अवस्थामा रहेको, सबैतिरबाट ओझेलमा परेको तानसेन नगरपालिका वडा नं १० तेल्घा भार्केशमा रहेको बालकन्या भगवतीको खोजीविन सुरु भएको छ । नेपाल अंग्रेज युद्धमा जानु अघि कर्णेल उजिरसिंह थापाले तानसेनको भगवती मन्दिरमा देवीसँग आर्शिवाद मार्गदै युद्धमा विजयी भएमा तिन तले मन्दिर निर्माण गरी सिंदुरजात्रा गर्ने भाकल गरेका थिए ।

तानसेनबाट बुटवल जितगढी युद्धमा हिडेका कर्णेल उजिरसिंह थापाले बाटोमा रहेको बालकन्या भगवती मन्दिरमा पनि पुजाआजा गरी भाकल गरेपनि पनि हालसम्म ओझेलमा परेको भगवती गुठी व्यवस्थापन समितिको अगुवाईमा स्थलगत अवलोकन भएको छ । तानसेनको भगवती मन्दिरमा कर्णेल उजिरसिंह थापाले भाकल गरी अंग्रेजसंगको युद्ध नेपालले जितेको चर्चा गरिरहदा सोही प्रकृतिको आरधना गरी युद्धमा गएको भएपनि हालसम्म यो मन्दिर ओझेलमा परेकोले खोज अध्ययन अनुसन्धान शुरु गरिएको संस्कृतिकर्मी राजेन्द्रगोपाल सिंहले बताए । बालकन्या भगवतीको विषयमा समय समयमा चर्चा हुने र हराउने सेलाउने भइरहेको समयमा श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समितिले बुद्धिजिवी, इतिहास विज्ञ, संस्कृतिकर्मी, स्थानीयवासी, जनप्रतिनिधीहरुलाई अध्ययन अवलोकन भ्रमण गराएको समितिका अध्यक्ष अशोकमान महर्जनले बताए । बालकन्या भगवती मन्दिरको वास्तविक अवस्था, स्थानको बारेमा स्थानीयवासी, व्यवस्थापन समिति, जनप्रतिनिधीहरुसंग कुराकानी गरी आगामी दिन नगरपालिका वडा र सरोकारवाला निकायमा बजेटको लागि पहल गर्ने, व्यवस्थित रुपमा सञ्चालन गर्ने सर्वपक्षिय छलफल भएको भगवती गुठी व्यवस्थापन समितिका सदस्य पदम न्यौपानेले बताए । पाल्पाका ईतिहास विज्ञ निर्मल श्रेष्ठ, राजेन्द्रगोपाल सिंह, खोज तथा अनुसन्धानकर्ता पुष्करराज रेग्मी, समितिका अध्यक्ष अशोक महर्जन, सचिव प्रकाश गङ्गोल, पदम न्यौपाने लगायतका पदाधिकारी तथा सदस्य, सर्वसाधारण, जनप्रतिनिधी तथा पूर्व जनप्रतिनिधी, बालकन्या भगवती मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरुले तानसेनको भगवती मन्दिर, तेल्घाको बालकन्या भगवती मन्दिर र कर्णेल उजिर सिंह थापा विचको सम्वन्ध बारे छलफल चर्चा गरेका थिए ।

तानसेनको भगवती मन्दिरको जती चर्चा परिचर्चा भएपनि सोही अनुसार बलकन्या भगवतीको विषयमा कहि कतैबाट ध्यान नपुगेको देखिएपनि संयुक्त छलफल अन्तरक्रिया बाट आगामी दिनमा केही काम गर्नुपर्छ भन्ने निचोडमा पुगिएको तानसेन नगरपालिका वडा नं १० का वडा अध्यक्ष हिमलाल पंगेनीले बताए ।

बालकन्या भगवती ... अवलोकन

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

एउटै वडाबाट ११ करोडको सुन्तला विक्री

वालिङ (स्याङ्जा), माघ ९/ स्याङ्जाको भिरकोट नगरपालिका-७ मा यस वर्ष रु ११ करोड बढीको सुन्तला बिक्री भएको छ । बलमाटा, तिलाहार, जिमिरे, लोलुङ्गा, पाङसाङ, धोबादी, कोलडाँडा, पासिन्डाँडा, चिउरीखर्क लगायतका गाउँबाट सुन्तला उत्पादनका लागि परिचित छ । भिरकोट-७ का वडाध्यक्ष एवं सुन्तला सुपरजोन स्याङ्जाका सञ्चालक समिति अध्यक्ष ताराप्रसाद अर्यालले आफ्नो वडामा यसवर्ष सुन्तला बिक्रीबाट रु ११ करोड बढी भित्रिएको बताए ।

करिब एक सय घर परिवारले व्यावसायिक रूपमा सुन्तला उत्पादन गर्दै आइरहेका उनले जानकारी दिए । "यस वडाका अधिकांश किसान व्यावसायिक रूपमा सुन्तला खेतीमा आबद्ध हुनुहुन्छ", अध्यक्ष अर्यालले भने, "यहाँ यस वर्ष सबैभन्दा थोरैमा रु ५० हजारदेखि लिएर धेरैमा रु ३० लाखसम्म आम्दानी गर्नुभएको छ ।" तिहारका बेलादेखि सुन्तला बजार पठाउन सुरु गरेर माघको दोस्रो सातासम्म सबै बिक्री गरिसक्ने अध्यक्ष अर्यालले जानकारी दिए । सुरुमा प्रतिकेजी रु ४० मा बिक्री गरेको सुन्तला अन्तिममा आइपुग्दा प्रतिकेजी रु ७० का दरले बिक्री भएको जनाइएको छ । "यहाँ उत्पादन भएका सुन्तला किसान आफैँले बिक्री गर्ने, बगैँचा नै ठेक्का दिने वा तौलेर अन्यत्र पठाउने गरिन्छ", उनले भने, "विशेषगरी यहाँका सुन्तला काठमाडौँ, पोखरा, नारायणगढ, बुटवल जस्ता सहरमा जाने गरेको छ ।"

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

सहकारी र समस्याको समाधान

अहिले देशैभर सहकारी क्षेत्रमा केही समस्याहरु देखापरेका कुरा दिनहुँ सञ्चार माध्यममा आइरहेका छन् । सहकारीमा बचतकर्ताका रकममा अनिमितता गरेको भन्ने गुनासा र उजुरीका आधारमा सहकारीका सञ्चालक, कतै कर्मचारी समेतलाई कानुनी कार्यवाहीका प्रक्रिया अगाडि बढिरहेका र सिंगो सरकारले पनि सहकारीमा देखिएका समस्याको समाधानका लागि समस्या समाधान आयोग मार्फत गठन समाधानका उपायहरुको खोजी गर्ने कार्य जोडबलका साथ अगाडि बढेको अवस्था छ । विशेष गरेर अहिले बचत तथा ऋणको कारोवार गर्ने कतिपय सहकारीमा समस्याहरु देखिएको भएतापनि जुनरुपमा हल्ला फैलाइएको छ त्यति साह्रो सहकारीहरु बिग्री सकेको अवस्था भने होइन । सहकारी ऐन २०७४ र नियमावली २०७५ को परिधिभित्र रहेर गर्ने क्रियाकलाप र कारोवारलाई व्यवस्थित रुपमा अनुगमन र निरीक्षणको पक्षबाट राम्रो गरियो भने यो समस्याको समाधान छिट्टै नै हुनसक्छ ।

मुलुकमा अहिले देखिएका आर्थिक समस्याहरुको समाधानका लागि सहकारीलाई निरीक्षण र अनुगमन गर्ने निकायले समयानुसार काम गर्दै जाने हो भने देखापरेका समस्याहरुको निराकरण पनि समयमै गर्न सकिन्छ । तर समस्यामाथि समस्या थप्दै जाने र निकास खोज्ने अनि घटना निराकरण गर्नेतर्फ गम्भीर भएर नलाग्ने हो भने सहकारीप्रति फैलाइएको नकारात्मक प्रचारवाजीले समस्याका खाँडलहरु गहिरा हुँदै जाने बाहेक केही पनि हुन सक्दैनन् । सरकारले निर्माण गरेको आयोगले समस्याग्रस्त सहकारीहरुका बचतकर्तालाई सुनिश्चिता प्रदान गर्ने क्रममा भएका राम्रा प्रयासहरुको प्रचार–प्रसार गर्नुपर्नेमा त्यसो नहुँदा पनि समस्या धेरै देखापरेका छन् । स्थानीय, प्रदेश, संघीयस्तरका रजिस्टारहरु र सहकारी संस्थाहरुको अनुगमन अनि उनीहरुको व्यवस्थापनमा अनुगमनकारी निकायको अनविज्ञताका कारण पनि समस्या थपिएका हुन् । यसको समाधान भनेकै सहकारी अभियानसंग जोडिएका छाता संस्थाहरु, वित्तीय विज्ञता प्राप्त निकाय र व्यक्तिहरु अनि तीनै तहका सरकारहरुले इच्छा शक्तिका साथ अगाडि बढ्ने हो भने गलतलाई कार्यावाही हुन्छ, पीडितले न्याय पाउँछ, अनि मात्र समाधानका बाटाहरु फराकिला हुँदै जानेछन् । अन्यथा नकारात्मक सोंचले मात्रै वर्तमान समयमा देखिएका सहकारीका समस्याको समाधान सम्भव छैन ।

Opinion @ Social Network

पारिजातको फूल जस्तै बनाउन मन छ जिन्दगी
निमोठेर जानेहरुको हातमा पनि बास्ना छर्न सकु ।

(***राधा भण्डारी***को *फेसबुक स्टाटस* https://www.facebook.com/***anjel.aswina***)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

देश छोडेर कहिलेसम्म भाग्ने ?

लक्ष्मण गिरी

> *सरल भाषामा भन्नुपर्दा सबै नीतिहरूको पनि माउ नीति राजनीति हो । राजनीतिले नै जनताको दैनिकी र भविष्यको बाटो तय गराइदिन्छ । देशमा राजनीति राम्रो भयो भने देशका सबै पक्षमा सकारात्मक परिवर्तन हुन्छन् भने नकारात्मक भइदियो भने नागरिकले दुःख पाउँछन् । सुशासन सहितको राजनीतिक प्रणाली स्थापना गर्नका लागि हजारौं नागरिकको त्याग र बलिदानबाट संसारमै उत्कृष्ट शासन प्रणाली मानिने लोकतान्त्रिक गणतन्त्र सहितको शासन प्रणाली हामीकहाँ स्थापना भयो । राजतन्त्र हटाई जनताको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी अब मुलुक सार्वभौम–सम्पन्न भयो, हामी नागरिकहरू सर्वाधिकार सम्पन्न भयौं भन्ने विजयभावले पुलकित भएको त्यो क्षणको सम्झना अझै मानसपटलमा आलै छ । सो आन्दोलनको सक्रिय सहभागी भएकाले पनि त्यसबेला महशुस गरेको अपार आनन्द अहिले पनि महशुस भइरहन्छ । सोही आन्दोलनको बलमा माओवादी पनि सशस्त्र युद्ध त्यागेर शान्ति प्रक्रियामा आयो । अब वातावरण सहज हुन्छ भन्ने सोचेर जबसिकर होइन, क्रियटर बन्नुपर्छ भन्दै व्यवसाय थालेकाहरूको अनुभव सुन्दा अवस्था भयावह छ ।*

भदौपछि हाम्रा पर्व र जात्राहरूको मौसम सुरु हुन्छ । हिन्दु महिलाहरूको महान चाड हरितालिका तीजबाट सुरु हुने पर्वहरूको उत्सवको लहरमा दशैं, तिहारलाई पछ्याउँदै क्रमशः छठ, क्रिसमस, इद, ल्होछार, माघी, फागु जस्ता महत्वपूर्ण पर्वहरू आउँछन् । यी हाम्रा सनातन पर्वहरू हुन् जसलाई हाम्रा पूर्वजहरूले मनाउँदै आए, हामीले मनाउँदैछौं र हाम्रा सन्ततिहरूले पनि मनाउने छन् । स्वाभाविक रूपमा पर्वहरू आउँदै गर्दा मानिसहरूका अनुहारमा चमक भरिँदै जान्छ, घरपरिवारमा खुशी भित्रिन्छ र समाजमा सौहार्दताको वातावरण देखिन्छ । जीवनकालमा पर्वहरू यसरी नै मनाउँदै आएको अनुभव छँदाछँदै यसपटक दशैंमा उड्ने चंगा सँगसँगै मन चंगा हुन सकेन, निधारमा लगाएको रातो टीका जस्तै जीवन रंगीन बन्न सकेन र मानिसहरू मान्यजनहरूले 'भाग्यमानी हुनु' भनेर दिएको आशीर्वाद जस्तै गरी भाग्यमानी भएको अनुभूति गर्न सकेनन् । सन्दर्भ एउटा पर्व मनाउँदा सुखद रह्यो या रहेन भन्दा पनि पर्वहरूमा समेत खुशी नभई हाम्रो समाज किन दिन प्रतिदिन निराशा उन्मुख हुँदैछ भन्ने हो । सामाजिक संजालतिर हेर्‍यो मानिसहरूले निराशाका भावहरू पोखिरहेको देख्न सकिन्छ, प्रत्यक्ष भेटघाट-कुराकानीमा मानिसहरू निराशाका मात्रै कुरा गर्छन् ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार सरकारी तथ्यांकले बितेका २७ वर्षमा श्रम स्वीकृति लिएर विदेशिने नेपालीको संख्या ६३ लाख छ । यो तथ्यांक पढेपछि पंक्तिकारका मनभित्र केही स्वाभाविक सवालहरू उब्जिए । यो देशको राजनीतिक परिवर्तनका लागि सक्रियतापूर्वक सहभागी भएको र देशभित्रै केही गर्नुपर्छ भनेर उद्यमशीलतासँग जोडिंदै, आफू जस्तै युवाहरूलाई विदेश पलायन हुन निरुत्साहित गरिरहेको विगतलाई वर्तमानले चुनौती दिइरहेको र दिनानुदिन हजारौं युवा विदेशिएको खबर सुनिरहनु पर्दा एकपटक साँच्चिकै विगतलाई फर्किएर समीक्षा गर्न मन लागिरहन्छ । सरल भाषामा भन्नुपर्दा सबै नीतिहरूको पनि माउ नीति राजनीति हो । राजनीतिले नै जनताको दैनिकी र भविष्यको बाटो तय गराइदिन्छ । देशमा राजनीति राम्रो भयो भने देशका सबै पक्षमा सकारात्मक परिवर्तन हुन्छन् भने नकारात्मक भइदियो भने नागरिकले दुःख पाउँछन् । सुशासन सहितको राजनीतिक प्रणाली स्थापना गर्नका लागि हजारौं नागरिकको त्याग र बलिदानबाट संसारमै उत्कृष्ट शासन प्रणाली मानिने लोकतान्त्रिक गणतन्त्र सहितको शासन प्रणाली हामीकहाँ स्थापना भयो । राजतन्त्र हटाई जनताको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी अब मुलुक सार्वभौम-सम्पन्न भयो, हामी नागरिकहरू सर्वाधिकार सम्पन्न भयौं भन्ने विजयभावले पुलकित भएको त्यो क्षणको सम्झना अझै मानसपटलमा आलै छ । सो आन्दोलनको सक्रिय सहभागी भएकाले पनि त्यसबेला महशुस गरेको अपार आनन्द अहिले पनि महशुस भइरहन्छ । सोही आन्दोलनको बलमा माओवादी पनि सशस्त्र युद्ध त्यागेर शान्ति प्रक्रियामा आयो । अब वातावरण सहज हुन्छ भन्ने सोचेर जबसिकर होइन, क्रियटर बन्नुपर्छ भन्दै व्यवसाय थालेकाहरूको अनुभव सुन्दा अवस्था भयावह छ । बजारमा पचास प्रतिशत व्यावसायिक सटरहरू बन्द भनेर एक अनुसन्धानले तथ्यांक सार्वजनिक गरिसकेको छ ।

गाउँमा जमिन खाली, घर खाली, बजारमा सटर खाली र सिंगो देशमा युवा रित्तिंदै छन् । यस्तो विकराल अवस्थाले देश कहाँ पुग्दैछ ? यो सोच्ने निकाय हामीकहाँ छ कि छैन ? छ भने यसबारेमा सोचेको होला कि नहोला ? प्रश्नहरूले प्रश्न गरिरहन्छन् । अनौपचारिक कुराकानी हुँदा बजारमा केही व्यवसायी साथीहरू कसरी छिटोछरितो यहाँको व्यवसायलाई बिट मारेर विदेश पलायन हुन सकिएला भनेर मात्रै सोचेको बताउँछन् भने केही व्यवसायी साथीहरू विदेश पलायनका निम्ति प्रक्रिया अगाडि बढाइसकेको समेत बताउँछन् । अहिलेको बजारको प्रतिविम्ब यही हो, समग्र व्यवसायीको पीडा पनि यही नै हो । यसरी राज्यलाई सुनको अण्डा दिने व्यवसायीहरू अत्तालिंदा, पलायनउन्मुख भइरहँदा देशलाई कति नोक्सानी हुन्छ भन्ने कुरा कसले हेक्का राख्ने ? राज्य छ, अप्ठ्यारोमा साथ दिने सरकार छ भनेर व्यवसायीहरूले राहतको अनुभूति कहिले गर्न पाउलान् ?

बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको व्यावसायिक ऋणले व्यवसायीहरू टाटपल्टिने अवस्था छ । ऋण लिंदाका बखत सम्झौता गरिएको ब्याजदर बढेर दोब्बर बनेको छ । हर्जना र व्यवसायीहरूलाई दिएको दबाब हेर्दा हाम्रा वित्तीय संस्थाहरू कानुनी मान्यता प्राप्त मिटरव्याजी जस्तै भएको आभास गर्नुपरेको छ । यो पंक्तिकारको दश वर्ष बढीको व्यावसायिक अनुभवमा हामीले गरेको करोडौं रुपैयाँको व्यवसायले कतिलाई रोजगार मिल्यो, कतिका बजार चले, कति कर तिरियो होला यसले राज्यलाई कति टेवा पुग्यो-पुगेन थाहा छैन, राज्यले नै जानोस् तर हामी लगानीकर्ताहरूले भारी मनले भन्नैपर्छ- हामी पलायनका निम्ति योग्य भयौं । सिद्धान्ततः हाम्रो देश सार्वभौम सम्पन्न स्वतन्त्र मुलुक हो । जनता सार्वभौम छन्, अधिकार सम्पन्न छन् भन्ने हो तर व्यवहारमा यो प्रत्याभूति हुनसकिरहेको छैन । हाम्रो देशको राजनीति हाम्रै आँगनबाट चल्न सकिरहेको छैन । हामी हाम्रो सरकार आफैं बनाउन सकिरहेका छैनौं । देशको राजदूत बनाउँदा हामी हाम्रो विवेकले बनाउन पाउँदैनौं । न्याय क्षेत्रमा हामीले हाम्रो आवश्यकताले जिम्मेवारी दिन सक्दैनौं । जनताले आन्दोलन गरिदिनु थियो गरिदिए । व्यवस्था परिवर्तनका निम्ति साथ दिनु थियो छाती खोलेर साथ दिए । तर तितो यथार्थ, राजनीतिक नेतृत्वको कुशल क्षमता अभावका कारण जनताको संघर्षबाट स्थापित शासन प्रणाली सामान्य चेत भएको मानिसलाई समेत थाहा हुने गरी रिमोट कन्ट्रोलबाट संचालित छ आज । यो देशको दुर्भाग्य हो, आन्दोलनको अपमान हो र शहीदहरूप्रति धोका हो । अहिले समाजमा देखिएको निराशाको उपज पनि यही नै हो ।

पहिला देश बलियो हुनुपर्छ अनि नागरिक बलिया हुन्छन् । देश कमजोर धरातलमा उभिएको होइन उभ्याइएको छ । पहिला देशको राजनीतिक जगलाई बलियो बनाउन जरुरी छ । राजनीतिक जगलाई बलियो पार्न सकियो भने अन्य अवयवहरू स्वतः बलिया बन्दै जान्छन् । बलिदानीपूर्ण संघर्षबाट स्थापित लोकतान्त्रिक शासन प्रणालीप्रति यति छिटै जनस्तरमा निराशा छाउनुको कारण राजनीतिक नेतृत्वको क्षमताको अभाव हो भन्ने कुरामा दुईमत छैन । राम्रोसँग शासन गर्न जानेको भए व्यवस्था विरोधीले संगठित भएर छाती फुलाउँदै 'राजा आउ देश बचाउ' भन्दै सडकमा आउने हिम्मत गर्दैनथे होला । वास्तवमा भन्नुपर्दा देश यतिबेला चौतर्फी संकटमा छ । देशको अस्तित्व संकटमा छ । पहिला पुर्खाको नासो देश जोगाऔं । जसरी जनआन्दोलनको सफलतापछि राष्ट्रिय सरकार बनाएर एउटा सन्देश दिन खोजिएको थियो, त्यो आवश्यकता यतिबेला पनि छ । देश चरम संकटमा परेका बेला हामी देशका लागि हौं भन्ने दलहरूलाई लाग्छ भने हाम्रै आँगनबाट राष्ट्रिय सरकार बनाएर, एकताको सन्देश दिएर देश निर्माणमा लाग्ने हिम्मत किन नगर्ने ? जनतालाई आशा र निराशा मुख्य रुपमा देशको राजनीतिक वातावरणले बनाउने हो । निराशोन्मुख नेपाली समाजलाई हाम्रो राजनीतिक नेतृत्वले आशाको दियो बाल्न सकोस् ।

-अनलाइन खबर डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष :प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। घुमफिर, मनोरञ्जनको समय छ।
वृष : काम बन्नाले उत्साह जाग्नेछ । आफ्नै प्रयासले अधिकार प्राप्त गर्न सकिनेछ।
मिथुन :मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। लक्ष्यअनुसार काम हुनेछ।
कर्कट :फाइदा हेर्दा नाम बिग्रन सक्छ। अरूलाई दिने नभई भित्र्याउने समय छ ।
सिंह :रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ।
कन्या :बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुँनेछ।
तुला :कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ।
वृश्चिक :छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला।
धनु : समय शुभ छ । पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ।
मकर :मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ,सजिलै लक्ष्यमा पुग्न सकिनेछ।
कुम्भ :रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ।
मीन :शारीरिक समस्याले कमजोरी अनुभूति हुनेछ। बाहिरिनाले काम दोहोरिनेछ ।

ोरञ्जन

शुभेच्छाको फ्लपमा ह्याट्रिक

सौन्दर्य प्रतियोगिताको जगमा उभिएर फिल्मसम्मको यात्रा तय गरेका एकाधको मात्र करिअर सुखद् देखिएको छ । प्रायः फिल्मको असफलताले संकटको अवस्थामा छन् । कतिले पलायनको बाटो समेत रोजिसकेका छन् । सन् २०१२ की मिस इन्टरनेशनल र सन् २०१७ की वर्ल्ड मिस यूनिभर्सिटीकी विजेता शुभेच्छा खड्कालाई पनि फिल्मको श्रृंखलाबद्ध असफलताले ठूलो धक्का दिएको छ ।

सन् २०१९ मा फिल्म ‘रणवीर’बाट सहजै डेब्यूको अवसर पाएकी उनलाई पहिलो गाँसमै ढुंगा लाग्यो । एकातिर फिल्म व्यावसायिक रुपमा असफल भयो भने अर्कोतिर उनले अभिनयमा पनि आफ्नो खासै प्रभाव छाड्न सकिनन् । यद्यपि, ‘रणवीर’ निर्देशक गोविन्द सिंह भण्डारीले उनलाई फिल्म ‘प्रेमा’मा अर्को अवसर दिए । तर, यसपटक पनि शुभेच्छा सफलता महशुस गर्नबाट बञ्चित भइन् । यसैबीच, उनी अभिनीत तेस्रो फिल्म ‘चित्रा’ गत पुष २७ गतेबाट प्रदर्शनमा आएको छ । अघिल्ला दुई फिल्म असफल भएकाले यो फिल्म उनका लागि महत्त्वपूर्ण थियो । तर, फिल्ममा उनी ‘शो पिस’मा सीमित छिन् । उनको चरित्रको फिल्ममा कुनै अर्थ देखिन्न । न त अभिनयमा परिपक्वता देखिन्छ ।

तेस्रो फिल्मसम्म आइपुग्दा पनि अभिनयमा नै चुक्नु उनका लागि आत्मसमीक्षाको विषय हो । त्यसो त ‘चित्रा’प्रति उनलाई कुनै आशा नै थिएन भन्ने कुरा प्रचारमा कहीँ कतै नदेखिनुले पनि स्पष्ट संकेत गथ्र्यो । फिल्म प्रदर्शनको संघारमा हुँदा उनी प्रेमीसँग हङकङमा रमाइरहेकी थिइन् । तर, फिल्मको सदस्य भएपछि व्यावसायिक सफलता र असफलता दुवैको हकदार हुनुपर्छ । उनले ‘चित्रा’बाट एकपटक फेरि असफलता बेहोरेकी छन् । योसँगै उनको फ्लपमा ‘ह्याट्रिक’ भएको छ । *-फिल्मी खबर डटकम*

गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- ➢ बाझो जग्गा नराखौ/ राख्न नदिउँ ।
- ➢ सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- ➢ खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- ➢ वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- ➢ घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- ➢ श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- ➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधै सजग रहौं ।
- ➢कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- ➢ म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

राजिव पन्थी	**तारा थापा ढेंगा**	**सरोज कुमार थापा**
प्रमुख प्रशासकीय अधिकृत	**उपाध्यक्ष**	**अध्यक्ष**

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

‘कमब्याक’ गर्दैं पुराना कलाकार, नवीन भन्छन्– रूपान्तरण नगरी नआए हुन्छ

चलचित्र कर्ममा लोकप्रियता कमाएका कलाकार फेरि अभिनयमा फर्कन चाहेका हुन् । अभिनेता उत्तम प्रधान, अभिनेत्री पूजा चन्द, विपना थापा, ऋचा घिमिरेलगायत कलाकारले कमब्याकको प्रयास गरिरहेका छन् । उत्तमले चलचित्र ‘म्याउँ’बाट पुनः नेपाली सिनेमामा फर्कने प्रयास गरेका छन् । जयराज राय निर्देशित चलचित्रमार्फत उनी फेरि नेपाली दर्शकमाझ आउन लागेका हुन् ।

पछिल्लो समय नेपाली चलचित्र उद्योगमा पुराना कलाकारले ‘कमब्याक’ गर्ने प्रयास गरिरहेका छन् । केही कलाकारले यसअघि नै यो प्रयास गरेका थिए । लामो समय नेपाली सिनेमामा काम गरेर पलायन भएका कलाकार पुनः पुरानै कर्ममा फर्कने प्रयासमा गरिरहेका हुन् । चलचित्र कर्ममा लोकप्रियता कमाएका कलाकार फेरि अभिनयमा फर्कन चाहेका हुन् । अभिनेता उत्तम प्रधान, अभिनेत्री पूजा चन्द, विपना थापा, ऋचा घिमिरेलगायत कलाकारले कमब्याकको प्रयास गरिरहेका छन् । उत्तमले चलचित्र ‘म्याउँ’बाट पुनः नेपाली सिनेमामा फर्कने प्रयास गरेका छन् । जयराज राय निर्देशित चलचित्रमार्फत उनी फेरि नेपाली दर्शकमाझ आउन लागेका हुन् । उत्तम ‘दर्पण छाया’, ‘लहना’ लगायत चलचित्रबाट रुचाइएका नायक हुन् । पूजा चन्द कुनै समय लोकप्रिय नायिकामा गनिइन् । दर्जनौँ चलचित्रमा काम गरेकी उनका थुप्रै सिनेमा सफल छन् । पूजाले ‘भूठान’मार्फत कमब्याकको प्रयास गरिरहेकी छन् । विनोद पौडेलको निर्देशनमा चलचित्र अहिले अमेरिकाको ओहायो राज्यमा छायांकन गरिँदै छ । हरिवंश आचार्य र दयाहाङ राई मुख्य भूमिकामा रहेको यो चलचित्रमा हलिउड स्टार ब्रुस डर्नले पनि अभिनय गरिरहेका छन् ।

यही चलचित्रबाट ऋचा घिमिरेले पनि नेपाली रजतपटमा फर्कने प्रयास गरेकी छन् । थुप्रै सिनेमामा काम गरेपछि उनी अमेरिका गएकी थिइन् । ऋचा टेलिसिरियलमा पनि रुचाइएकी कलाकार हुन् । राजबल्लभ कोइरालाले समेत कमब्याकको प्रयास गरिरहेका छन् । ‘कामिनो’मार्फत उनी अभिनयमा फर्कने कोसिसमा थिए । यसबारे राजबल्लभले फेसबुकमार्फत जानकारी नै गराएका थिए । तर, ‘कामिनो’ फिल्म नै बनेन । कमब्याकको कोसिस गर्नेमा विपना थापा पनि हुन् । उनी ‘ह्रस्व द्रीर्घ’मार्फत नेपाली सिनेनगरीमा पुनः प्रवेश गर्ने प्रयास गरिरहेकी छन् । चन्द्र पन्त निर्देशित चलचित्रमा उनी मुख्य कलाकारमध्येकी एक हुन् । यसअघि, सरोज खनाल, रमेश उप्रेती लामो समय अमेरिका बसेर नेपाल फर्किएका थिए । पुनः चलचित्र उद्योगमा सक्रिय हुने प्रयास गरे । सरोज र बिराज भट्टले चलचित्र निर्देशन नै गरे । सरोज निर्देशित ‘बगान’ले राम्रै कलेक्सन पनि गऱ्यो । अभिनयमा भने कमब्याकको प्रयास गरेका अधिकांश कलाकार सफल देखिएका छैनन् । फरक उमेर समूहका कलाकार आउनु चलचित्र क्षेत्रका निम्ति सुखद पक्ष भएको निर्देशक नवीन सुब्बा बताउँछन् । “फरक उमेर समूहका कलाकारको अभाव रहेका बेला कलाकारहरू पुनः फर्किन खोज्नु राम्रो हो,” उनी स्पष्ट पार्छन् । तर, कमब्याक गर्न खोज्ने कलाकार स्टारडमबाट कति मुक्त हुन्छन् त्यसले ठूलो अर्थ राख्ने उनको भनाइ छ । स्टारडम चलेकै समयको कथा, त्यस्तै चरित्र खोजेर आए अहिलेको सन्दर्भमा सान्दर्भिक नहुने उनी बताउँछन् । स्टारडम चलेको समयभन्दा अहिलेको अवस्था फरक रहेको नवीनको बुझाइ छ । “समय धेरै अगाडि बढिसकेको छ । हाम्रा दर्शकको रुचिमा पनि धेरै रूपान्तरण भइसकेको छ । उनीहरू आउँदा जुन उमेर समूहमा छन्, उनीहरू अहिलेको शैलीमा भनिएका कथामा आए भने निकै राम्रो हुन्छ,” नवीन स्पष्ट पार्छन्, “तर, अहिले जति पनि प्रयास देखिएका छन्, पुरानै खालका चलचित्रबाट आउने प्रयास गरिरहेको देखिन्छ ।” कलाकारले आफूलाई अपडेट नगरेको र सिनेमाप्रतिको बुझाइमा परिवर्तन पनि नदेखिने नवीनको टिप्पणी छ । आफूलाई रूपान्तरण नगरेसम्म प्रयास सफल नहुने उनी बताउँछन् । “आफूलाई अपडेट नगरी आउनु भनेको फेरि पुरानै गल्ती दोहोऱ्याउनु हो । नयाँ रुचि र समयानुसार आफूलाई रूपान्तरण नगर्ने हो भने किन आउनु ? नआए हुन्छ,” नवीन भन्छन् । कलाकार अपडेट नहुँदा एकाध चलचित्रमा देखिएर पुनः बिदा भइरहेको अवस्था जगजाहेर रहेको उनी सुनाउँछन् । “पुराना कलाकार अनुभवले खारिएका छन् । अनुभवको लामो सँगालो र विरासत छ । त्यो हाम्रो सिनेमाका लागि उपयोगी हुन्छ,” नवीन अगाडि थप्छन्, “तर, अहिलेको चेतनाअनुसार उनीहरूले आफूलाई अगाडि बढाउनुपर्छ ।”

नायिका करिष्मा मानन्धर पनि समयानुसार आफूलाई अपडेट गर्दै जान आवश्यक रहेको औँल्याउँछिन् । अपडेट नभए टिकिरहन सहज नहुने उनको भनाइ छ । “हिरो/हिरोइनको इमेज बनाएका कलाकारलाई अहिले पनि त्यस्तै लोकप्रियता टिकाइरहन कठिन हुन्छ होला,” करिष्मा भन्छिन्, “यसका लागि अहिलेको समय र रुचिअनुसार आफूलाई अपडेट पनि गर्नुपर्छ होला ।” सुरुका वर्षमा कलाकार भारतीय सिनेमा र त्यहाँको अभिनय शैलीबाट प्रभावित भए पनि अहिले स्थिति फरक भइसकेको उनी बताउँछिन् । अहिले बलिउडमा पनि सिनेमा निर्माण र अभिनयमा परिवर्तन आइसकेको उनको सुनाउँछिन् । यद्यपि, अघिल्लो पुस्ताका कलाकार विस्थापित हुँदै जाने र नयाँ जेनेरेसनका आउने स्वाभाविक भएको उनको भनाइ छ । प्रकृतिको चक्र नै नयाँले पुरानालाई विस्थापित गर्दै जाने भएकाले यसलाई स्वीकार गर्न सक्नुपर्नेमा उनको जोड छ । पछिल्लो समय रियालिस्टिक जानरामा धेरै सिनेमा बनाइएको छ । हिरो/हिरोइनको इमेज बनाएका कलाकारले तत्कालीन समयमा गरेको जस्तै रोल अहिले पाउने/नपाउने भन्ने अर्को पक्ष रहेको उनी बताउँछिन् । परिवर्तित समयानुसार चलेका कलाकारले निरन्तर काम गरिरहेको करिष्माको धारणा छ । “मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य दाइले अहिले पनि काम गरिरहनुभएको छ । नीर शाह, गौरी मल्ल, मिथिला शर्मालाई अहिले पनि हामी मुख्य भूमिकामा देखिरहेका छौँ,” उनी अगाडि थप्छिन्, “उहाँहरूलाई सुहाइरहेको छ । दर्शकले रुचाइरहनुभएको छ । रियालिस्टिक जानरामा बनेका सिनेमामा पनि पुराना कलाकारले काम गरिरहनुभएको छ ।” केही समय सिनेमा उद्योगबाट टाढा रहेका कलाकारलाई भने पुनः कसरी फर्कने भन्ने समस्या हुने गरेको करिष्मा बताउँछिन् । “केही समय ग्याप भएपछि कसरी आउने भन्ने हुन्छ । प्रोडक्सनमा आबद्ध भएर आउने अथवा अभिनयबाट आउने भन्ने हुन्छ । अभिनयबाट आउनलाई यो क्षेत्रसँग लिंक टुटिसकेको हुँदो रहेछ,” उनी भन्छिन्, “त्यसैले प्रोडक्सनबाट आउनुपर्ने अवस्था पनि हुन्छ । अभिनयसँगै सिनेमाका अन्य विधाबाट आउँदा पनि अपडेट हुन आवश्यक छ ।”

मेकिङमा समेत ठूलो परिवर्तन भइसकेको उनी सुनाउँछिन् । पहिला औसतमा चल्ने सिनेमाले पनि लगानी उठाउने गरेकामा अहिले त्यस्तो अवस्था नरहेको उनको बुझाइ छ । “पहिला औसतमा बन्ने सिनेमाले पनि लगानी मजाले उठाउँथे,” उनी भन्छिन्, “तर, अहिले चल्ने सिनेमाले राम्रै कमाउँछ, होइन भने नचल्ने सिनेमा चल्दै चल्दैन ।” अभिनयसँगै मेकिङमा जोडिएकाले भुवन केसी अहिले पनि सक्रिय रहेको करिष्मा बताउँछिन् । लगानी सुरक्षाका हिसाबले भने निर्माणमा सहज नरहेको उनको भनाइ छ । यद्यपि, राम्रो बनाए ‘लार्जर देन लाइफ’ सिनेमा पनि चल्ने उनी स्पष्ट पार्छिन् । “बलिउड मात्रै होइन, रियालिस्टिक सिनेमा बनाउने भनेर ठूलो छवि बनेको देश कोरियामा पनि लार्जर देन लाइफ सिनेमा बनिरहेका छन्,” उनी भन्छिन्, “सिनेमाका विभिन्न जानरा हुन्छन् । रियालिस्टिक, कमेडी, थ्रिलर त्यस्तै लार्जर देन लाइफ पनि एक हो ।”

-बाह्रखरी डटकम

राष्ट्रियसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा



काठमाडौं, माघ ९/यही माघ ११ गते बिहीबार हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्थासहितको सम्पूर्ण तयारी पूरा भएको छ ।

प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने यस निर्वाचनमा माघ ११ गते बिहान ९ देखि अपराह्न ३ बजेसम्म सम्बन्धित प्रदेशको तोकिएका मतदानस्थल तथा मतदान केन्द्रमा मतदान हुनेछ । निर्वाचन आयोगले कानुनी व्यवस्था बमोजिम निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न मतदान कार्य समाप्त नहुन्जेलसम्म सोमबार राति १२ बजेपछि प्रचारप्रसार निषेधको अवधि कायम गरेको छ ।

यस अवधिमा राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलका भ्रातृसंगठन तथा आचारसंहिता पालना गर्नुपर्ने अन्य व्यक्ति, संस्था वा निकायले निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नमिल्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए । यस निर्वाचनमा प्रदेशसभाका सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्रको व्यवस्था गरिएको छ । निर्वाचनमा प्रदेशसभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डल रहनेछ ।

एउटै वडाबाट ११ करोडको...

...स्थानीय व्यापारी तथा काठमाडौंबाट आएका व्यापारीले बगैंचा नै ठेक्का लिएर बिक्री गर्ने गरेका छन् । कतिपय किसानले चिनजान र फोन सम्पर्कका आधारमा गाडीबाट व्यापारीकहाँ पठाइदिने गरेका छन् ।

“गत वर्ष यस वडामा सुन्तला बिक्रीबाट करिब रु १५ करोड भित्रिएको थियो”, उनले भने, “गत वर्षजस्तो यस वर्ष उत्पादन भएन यसकारण आम्दानी पनि घट्न पुग्यो, आगामी वर्ष नयाँ बोट तयार हुने भएकाले उत्पादन बढ्छ ।” प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोन र भिरकोट नगरपालिकाको ७५ प्रतिशत अनुदानमा बिरुवा, सिँचाइ ट्याङ्की, पाइप वितरण गरिएको अध्यक्ष अर्यालले बताए । नयाँ बिरुवा हुर्कँदै गरेकाले आगामी वर्ष थप पाँच(छ करोड बढी सुन्तला बिक्रीबाट आम्दानी भित्रिने दाबी उनको छ ।

कोदोखेती गर्दै आएका बारीमा अहिले सुन्तलाका बोट देख्न सकिन्छ । सुन्तला खेतीबाट आम्दानी लिन सकिने भएपछि यहाँका स्थानीय सुन्तला खेतीतर्फ आकर्षित हुँदै गएका छन् । गत वर्ष स्याङ्जामा सुन्तला बिक्रीबाट रु एक अर्ब २५ करोड भित्रिएको थियो भने यस वर्ष उत्पादन कम भएसँगै आम्दानी पनि केही घट्ने अनुमान कृषि ज्ञान केन्द्र स्याङ्जाले गरेको छ । *-रासस*

हार्दिक बधाई तथा शुभकामना

हाम्रा शुभेच्छुक, राजनैतिक, सामाजिक व्यक्तित्व एवं युवा नेता, इभरग्रीन एक्सीलेन्स एजुकेशन सेन्टर तानसेन पाल्पाका सञ्चालक **पूण्य प्रसाद सुवेदी गुल्मी जेसीजको वर्ष २०२४ का लागि अध्यक्ष** जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा उहाँ लगायत सम्पूर्ण पदाधिकारीहरुलाई **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

प्रो.किशोर भट्टराई
एवं
कान्तिपुर स्टेशनरी
तानसेन, पाल्पा
सम्पर्क : ०७५-५२०९४९

प्रो.संगीता घिमिरे
एवं
पि.पि सप्लायर्स
तानसेन, पाल्पा

खेलकुद समाचार

प्रधानमन्त्री कपमा कर्णालीको तेस्रो जित

काठमाडौं, माघ ९/प्रधानमनत्री कप क्रिकेटमा कर्णाली प्रदेशले तेस्रो जित हात पारेको छ । त्यस क्रममा कर्णालीले कोशी प्रदेशलाई ६ विकेटले हराएको छ । जारी प्रतियोगितामा कोशीको यो लगातार सातौं हार हो ।

१० टिम सहभागी प्रतियोगितामा कोशीले अहिलेसम्म कुनै पनि खेल जित्न सकेको छैन । मूलपानी क्रिकेट मैदानमा जितका लागि पाएको १५२ रनको सामान्य लक्ष्य कर्णालीले २८.३ ओभरमा ४ विकेट गुमाएर भेट्टायो । कर्णालीलाई जिताउन विकेटकिपर ब्याटर अर्जुन घर्तीले नट आउट अर्धशतकको पारी खेले । ५० रनमा नट आउट रहेका उनले ६ चौका र २ छक्का हानेका थिए ।

यस्तै विपिन शाही २८ रनमा आउट भए भने हिमांशु शाही २४ रनमा नट आउट रहे । कोशीका हेमन्त राईले ३ र कमल खत्रीले १ विकेट लिएका थिए । यसअघि पहिला ब्याटिङ गरेको कोशीले ३४.३ ओभरमा १५१ रनमा अल आउट भएको थियो । कोशीका लागि सुजन थपलियाले ७३ रनको शानदार पारी खेले पनि अर्को छेउबाट उनलाई अरु खेलाडीले गतिलो साथ दिन सकेनन् । नवौं नम्बरमा ब्याटिङमा आएका सुजन घिमिरेले १२ रन बनाए । कर्णालीका दिनेश अधिकारीले ४, प्रकाश जैशीले ३ तथा दिवान पुनले २ विकेट लिएका थिए ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

नेप्से परिसूचकमा लगातार तेस्रो दिन पनि गिरावट



पाल्पा, माघ ९/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव ४० अंकले घटेर दुई हजार ९८ दशमलव २९ को बिन्दुमा कायम भएको हो । यो सातामा कारोबारको तगातार तेस्रो दिन पनि नेप्से घटेको हो ।

तीन सय १० कम्पनीको एक करोड १८ लाख एक हजार तीन सय ६० कित्ता शेयर एक लाख १७ हजार पाँच सय ७७ पटक खरिदबिक्री हुँदा रु चार अर्ब २९ करोड ४५ लाख ६६ हजार सात सय ५१ बराबरको कारोबार भएको छ । विकास बैंक समूहको उपसूचक शून्य दशमलव ०७, वित्त समूह शून्य दशमलव २८, होटल तथा पर्यटन समूह चार दशमलव ७४, लगानी समूह शून्य दशमलव ३६, निर्जीवन बीमा समूह शून्य दशमलव ७३ र अन्य समूह शून्य दशमलव ५६ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ समूह शून्य दशमलव ४२, जलविद्युत शून्य दशमलव ५८, जीवन बीमा समूह शून्य दशमलव ६६, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २३, लघुवित्त समूह शून्य दशमलव १३, म्युचुअल फन्ड शून्य दशमलव २१ र व्यापार समूह शून्य दशमलव ८६ प्रतिशतले घटेको छ ।

चन्द्रागिरी हिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा छ दशमलव २० प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको लिमिटेडको रु ५५ करोड नौ लाख ८० हजार सात सय ८५ बराबरको आठ लाख ४१ हजार २२ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई